# कर बुलेटिन

Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क ३, २०७५ असार Year 6, Issue 3, July 2018


## राजस्व संकलनमा १५.६८ प्रतिशतको वृद्धि



आर्थिक वर्ष २०७४।७५ को वार्षिक लक्ष्य रु २९९ अर्व ९१ करोड रहेकोमा रु २९८ अर्व ६५ करोड संकलन भई लक्ष्यको तुलनामा ९९.५८ प्रतिशत प्रगति भएको छ । आ.व २०७३।७४ को यसै अवधिसम्म रु. २५८ अर्व १७ करोड संकलन भएको थियो । गत वर्षको यसै अवधिसम्मको तुलनामा यस आर्थिक वर्षमा ४० अर्व ४८ करोड अर्थात १५.६८

बाँकी पृष्ठ ४ मा

## सचिव (राजस्व) द्वारा अनुगमन तथा निर्देशन



(आन्तरिक राजस्व विभागको अनुगमन गर्नुहुँदै सचिव (राजस्व) शिशिर कुमार ढुङ्गाना)

सचिव (राजस्व), शिशिर कुमार ढुङ्गानाद्वारा मिति २०७५/०३/२५ मा विभागको अनुगमन गर्नुभई आवश्यक निर्देशन दिनुभयो । उक्त कार्यक्रममा विभागको समग्र कार्यसम्पादन सम्बन्धी प्रस्तुती गरिएको थियो भने सचिवज्यूले अनुगमनका क्रममा देखिएका विविध विषयहरुमा निर्देशन दिनुभयो । विभागको तर्फबाट समग्र अवस्थाको विश्लेषणात्मक प्रस्तुती गर्नुहुँदै विभागका निर्देशक महाराज कोईरालाले ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १,२,३ र अन्य कार्यालयहरुले विभागको राजस्व असुलीमा क्रमश: करिव ४९%, ५% र ४६% प्रतिशत असुली गरेको बताउनुभयो । यस्तै दर्ता भएका करदातामध्ये ५२ प्रतिशत करदाताले मात्र आय विवरण पेश गरेको र पेश गर्ने करदातामध्ये ४९ प्रतिशत करदाताले डे १ र ४० प्रतिशतले डे ३ विवरण पेश गरेको बताउनुभयो । करिव ४१ प्रतिशत करदाताले मात्र कर तिरेको र कर तिर्ने करदाता मध्ये करिव ७६ प्रतिशत करदाताले १ प्रतिशत कर तिरेको व्यहोरा उल्लेख गर्नुभयो । यस्तै

बाँकी पृष्ठ ३ मा....

### यसभित्र


सरकारी कारोवार गर्ने बैंकको जुनसुकै शाखा कार्यालयबाट राजस्व दाखिला गर्न सकिने — पृष्ठ ३

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको पुन:संरचना — पृष्ठ ४

Tax Management Team (TMT) को बैठक शुरु — पृष्ठ ८

# महानिर्देशकको सन्देश



**विभागले करदाताको स्वेच्छिक कर सहभागिताको माध्यमवाट अधिकतम कर राजस्व संकलन गरी लक्षित उपलब्धी हासिल गर्ने गरी आफ्ना गतिविधि केन्द्रित गर्नेछ। यसका लागि विभागले वार्षिक व्यवसायिक कार्ययोजना निर्माण गरेर अगाडी बढ्दैछ। मूलतः कर सहभागिता अभिवृद्धि गर्ने मुख्य ध्येयका साथ हाम्रो वार्षिक कार्ययोजना बन्नेछ। कर सहभागिता अभिवृद्धि गर्नका लागि करदाता सेवा, शिक्षा, सूचना सम्प्रेषणका क्रियाकलाप बढी भन्दा बढी सञ्चालन गरिनेछन् ।**

आर्थिक वर्ष २०७४/७५ को वार्षिक लक्ष्य रु २९९ अर्व ९१ करोड रहेकोमा रु २९८ अर्व ६५ करोड संकलन भई लक्ष्यको तुलनामा ९९.५८ प्रतिशत संकलन भएको छ। आ.व. २०७३।७४ को यसै अवधिसम्म रु २५८ अर्व १७ करोड संकलन भएको थियो । गत वर्षको यसै अवधिसम्मको तुलनामा यस आर्थिक वर्षमा ४० अर्व ४८ करोड अर्थात १५.६८ प्रतिशत बढी संकलन भएको छ । शीर्षकगत राजस्व संकलनको अवस्थालाई हेर्दा मू.अ.कर, अन्तःशुल्क र व्याजकरको संकलन वार्षिक लक्ष्यभन्दा बढी भएको छ भने अन्य शीर्षकहरुमा राजस्व लक्ष्यभन्दा केही कम संकलन भएको छ । आर्थिक वर्षको वीचमा बहालकर स्थानीय तहले संकलन गर्ने व्यवस्थाले पनि संकलनमा कमी हुन गएको हो । यद्यपि समग्र राजस्व असुली हेर्दा गत वर्षभन्दा करिव १५.६८ प्रतिशत वढी राजस्व असुली भएको अवस्था छ । यसका लागि सम्पूर्ण करदाता, कर्मचारी, आम संचार लगाएतका सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

आर्थिक वर्ष २०७५/०७६ का लागि आन्तरिक राजस्व विभागलाई आर्थिक बर्ष २०७४/०७५ को असुलीभन्दा करिव ३५.३० प्रतिशत बढी अर्थात रु.४०४ अर्व राजस्व असुली गर्ने लक्ष्य प्राप्त भएको छ। विभागलाई प्राप्त लक्ष्य हासिल गर्नु विभाग र मातहतका कार्यालयहरुमा कार्यरत कर परिवारको सामुहिक प्रतिवद्धता रहन्छ। यो लक्ष्य प्राप्ति गर्न आफैमा चुनौतिपूर्ण छ। चालु आर्थिक वर्षका राजस्व नीति तथा कार्यक्रमका उद्देश्यहरु आदर्श कर प्रणाली निर्माणका लागि परिलक्षित छन्। विभागले करदाताको स्वेच्छिक कर सहभागिताको माध्यमवाट अधिकतम कर राजस्व संकलन गरी लक्षित उपलब्धी हासिल गर्ने गरी आफ्ना गतिविधि केन्द्रित गर्नेछ । यसका लागि विभागले बार्षिक व्यवसायिक कार्ययोजना निर्माण गरेर अगाडी बढ्दैछ। मूलत: कर सहभागिता अभिवृद्धि गर्ने मुख्य ध्येयका साथ हाम्रो वार्षिक कार्ययोजना बन्नेछ। कर सहभागिता अभिवृद्धि गर्नका लागि करदाता सेवा, शिक्षा, सूचना सम्प्रेषणका क्रियाकलाप बढी भन्दा बढी सञ्चालन गरिनेछन् । करदाता, तिनका प्रतिनिधिमूलक संघ संस्था एवम् निकायहरुसंग समन्वय र सहयोग लिइनेछ र सम्वद्ध सबैबाट क्रियाशील सहयोगको अपेक्षा राखिएको छ। यस्तै अगामी दिनहरुमा थप लगनशीलताका साथ कार्यसम्पादन गरी यस विभागको लागि निर्धारित गरिएको वार्षिक र मासिक कर असुली लक्ष्य बमोजिम राजस्व परिचालन गर्न, कराधार विस्तार गर्न, गुणस्तरीय करदाता सेवा तथा कर कानूनहरुको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरुको कर सहभागिता अभिवृद्धि गर्ने कार्यलाई अझ व्यापक र सघन बनाउनुपर्ने आवश्यकता रहेको छ। आर्थिक विधेयकमार्फत करको दायरामा नआएका एवम् दायरामा आएका तर विविध कारणवस कर सहभागिता नजनाएका करदातालाई अधिकतम सहुलियत सहित कर सहभागिताका लागि मौका प्रदान गरिएको छ । यी सहुलियत अधिकतम स्वेच्छिक सहभागिताका लागि प्रदान गरिएका हुन् ।

विभागको पहिलो अर्धवार्षिक क्रियाकलापहरु सहुलियतको अधिकतम उपयोग गरी गराई स्वेच्छिक कर सहभागिता बढाउनका लागि केन्द्रित हुनेछन्। यसका वावजुद कर सहभागिता नजनाउने करदाताहरुलाई Enforcement का क्रियाकलापहरु अवलम्वन गरी कर सहभागिता अभिवृद्धि गरिनेछ । कर सहभागिता अभिवृद्धि गर्न तथा वार्षिक लक्ष्य हासिल गर्नका लागि विभागले तयार गरेको व्यवसायिक कार्ययोजना बमोजिम कार्य गर्नुहुन विभाग तथा अन्तर्गतका कर्मचारीहरुलाई आग्रह गर्दछु । यसका साथै, कर कानूनको पूर्ण कार्यान्वयन र पालनामा उद्योगी, व्यवसायी, पेशाकर्मी लगायत सम्पूर्ण सरोकारवाला पक्षले आ-आफ्नो क्षेत्रवाट सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, साउन**

पृष्ठ १ बाट क्रमश..

# सचिव (राजस्व) द्वारा अनुगमन तथा निर्देशन

विभागका उपमहानिर्देशक तथा सञ्चालन महाशाखा प्रमुख यज्ञ प्रसाद ढुङ्गेलले कार्यालयको अनुगमन गर्दा देखिएका विभिन्न विषयहरुमा दिईएको निर्देशनबाट कार्यालयहरुको कार्य सम्पादनस्तरमा केही सुधार भएको तथापि थप अध्ययन जरुरी रहेको बताउनुभयो। अभिलेख व्यवस्थापन अत्यन्त महत्वपूर्ण भएकोले सोलाई समेत थप प्रभावकारी बताउनुपर्ने समेत औल्याउनुभयो।

विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सबै कार्यालयहरुमा अनुगमन गरी आवश्यक निर्देशन दिइएको र साधन श्रोतको पर्याप्त व्यवस्था गरिएको भएतापनि कर परिपालना (Tax Compliance) अपेक्षित रुपमा बढाउन नसकिएको बताउनुभयो। यस्तै Service Function र Enforcement Function दुवै प्रभावकारी गराउन नसकिएको सम्बन्धमा कानून कार्यान्वयन गर्न पछि नहट्न र नडराउन प्रमुख कर प्रशासक तथा प्रमुख कर अधिकृतहरुलाई निर्देशन दिनुभयो। आगामी आर्थिक वर्षबाट प्रत्येक कार्यालयको दुई पटक अनुगमन गर्ने व्यवस्था मिलाउने र राजस्व वृद्धिको लक्ष्य हासिल गर्नलाई व्यवसायिक कार्ययोजना (Business Plan) बनाई अघि वढ्ने समेत उल्लेख गर्नुभयो।

कार्यक्रमको अन्त्यमा श्रीमान् राजस्व सचिवज्यूले यस आ.व.को लक्ष्य वमोजिम राजस्व असुली पूरा हुने भएतापनि लक्ष्य अनुरुप असुली हुनेगरी कार्य गर्न निर्देशन दिनुभयो। यस्तै आगामी आर्थिक वर्षको लागि रु ९४५.४३ अर्व कुल राजस्व असुलीको लक्ष्यमध्ये आन्तरिक राजस्व विभागलाई रु. ४०४ अर्वको लक्ष्य प्राप्त भएकोले प्रत्येक कार्यालयले आफ्नो योजना तयार गरी राजस्व लक्ष्य हासिल गर्न प्रयत्न गर्न समेत निर्देशन दिनुभयो। उहाँले समग्र कर प्रणालीको सुदृढीकरणका लागि अभिलेख व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र अनुगमन मूल्यांकन पद्दतिमा समेत थप सुधार गर्न निर्देशन दिनुभयो। यस्तै कर परीक्षण तथा अनुसन्धानको कार्यचाप बढी भएतापनि त्यसबाट उपलब्धी कम भएको सन्दर्भमा कार्यालयका सबैले कार्यशैली परिवर्तन गर्नुपर्ने र सम्भाव्य क्षेत्रको पहिचान गरी सोमा केन्द्रित हुन समेत निर्देशन दिनुभयो। सबैलाई आचार संहिताको अक्षरश: पालना गर्दै सदाचार, नैतिकता, पारदर्शिता एवम् जवाफदेहिताका साथ कार्यसम्पादन गर्न समेत निर्देशन दिनुहुँदै आगामी दिनमा कार्यसम्पादनको स्तर बढ्ने र कार्यसम्पादन संस्कृतिको सुधारको अपेक्षा गर्नुभयो।

# सरकारी कारोवार गर्ने बैंकको जुनसुकै शाखा कार्यालयबाट राजस्व दाखिला गर्न सकिने

राजस्व व्यवस्थापन सूचना प्रणालीमार्फत सरकारी कारोवार गर्ने सबै बैंकका शाखामा आ.व. २०७५।०७६ साउन १ गते देखि राजस्व जम्मा गर्न सकिने भएको छ। एकल खाताकोष प्रणाली संचालन निर्देशिका, २०७३ को संशोधन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजस्व संकलन गर्न नेपाल राष्ट्र बैंक र १२ वटा वाणिज्य बैक गरी १३ वटा बैंकका केन्द्रीय कार्यालयहरुमा महालेखा नियन्त्रक कार्यालयको नाममा राजस्व खाता खोलिए पश्चात उक्त सरकारी कारोवार गर्ने सबै बैंकका शाखामा राजस्व जम्मा गर्न सकिने व्यवस्था लागू भएको हो। आ.व. २०७५।०७६ साउन १ गते देखि तपशिलका बैंक खातामा उक्त बैंकको जुनसुकै शाखा कार्यालयबाट राजस्व रकम जम्मा गर्न सकिनेछ।

| सि.नं. | बैंकको नाम | खातावालाको नाम | खाता नं. |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक | महालेखा नियन्त्रक कार्यालय | १२००२०३००२०००५२४ |
| २ | नेपाल बैंक लिमिटेड | महालेखा नियन्त्रक कार्यालय | ००१०१००००००००१००१००१ |
| ३ | राष्ट्रिय बाणिज्य बैंक | महालेखा नियन्त्रक कार्यालय | १०००२०००१०००० |
| ४ | कृषि विकास बैंक | महालेखा नियन्त्रक कार्यालय | ०१००२०१२७७००९०१६ |
| ५ | नेपाल बंगलादेश बैंक | महालेखा नियन्त्रक कार्यालय | ९५९०१०००३३ |
| ६ | सानिमा बैंक | महालेखा नियन्त्रक कार्यालय | ००१००००००००१२५ |
| ७ | NIC ASIA बैंक | महालेखा नियन्त्रक कार्यालय | ९९CA०५१८७९८५२४०१ |
| ८ | NMB बैंक | महालेखा नियन्त्रक कार्यालय | ००१००६००६६४७८००००१ |
| ९ | सेन्चुरी कमर्सियल बैंक | महालेखा नियन्त्रक कार्यालय | ००१००००००१GR |
| १० | Global IME बैंक | महालेखा नियन्त्रक कार्यालय | ०००४०१००००००१ |
| ११ | नेपाल ईन्भेष्टमेन्ट बैंक लि | महालेखा नियन्त्रक कार्यालय | ००१०१०१०३३२५३८ |
| १२ | एभरेष्ट बैंक लि | महालेखा नियन्त्रक कार्यालय | ००१००१०६२००००० |
| १३ | बैंक अफ काठमाण्डौं | महालेखा नियन्त्रक कार्यालय | ०१०००००६३२८७५२४ |

पेज १ बाट क्रमश..

# राजस्व संकलनमा १५.६८ प्रतिशतले वृद्धि

प्रतिशत बढी संकलन भएको छ ।

यस आर्थिक वर्षको संकलनलाई शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु १६७ अर्व १९ करोड लक्ष्य रहेकोमा रु १५९ अर्व ८९ करोड संकलन भई लक्ष्यको तुलनामा ९६ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु ७३ अर्व ८५ करोड लक्ष्यमा रु ७६ अर्व २१ करोड संकलन अर्थात लक्ष्यको १०३ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु ६० अर्व ४७ करोड संकलन भएको छ जुन रु ५६ अर्व ६० करोड लक्ष्यको १०७ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु ९९ करोड लक्ष्यमा रु ९१ करोड संकलन भई लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्य सेवा करमा रु १ अर्व २७ करोड लक्ष्य रहेकोमा रु १ अर्व १४ करोड संकलन भई लक्ष्यको ९० प्रतिशत संकलन भएको छ ।

रु. हजारमा

| शीर्षक | गत वर्षको प्रगति | २०७४/०७५ को राजस्व संकलनको प्रगति | | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति (प्रतिशतमा) | |
| आयकर | १३५५८४१५६ | १४९७१६९९५ | १४०३८३५२६ | ९३.७७ | ३.५४ |
| वहालकर | ४०५८७९२ | ४९१९८७४ | ४५४२९६० | ९२.३४ | ११.९३ |
| व्याजकर | ८५९३१३८ | १२५६०६९७ | १४९६८९८१ | ११९.१७ | ७४.२० |
| आयकर जम्मा | १४८२३६०८६ | १६७१९७५६६ | १५९८९५४६७ | ९५.६३ | ७.८७ |
| मू.अ.कर | ६११२०३८५ | ७३८५३९६५ | ७६२१९५६७ | १०३.२० | २४.७० |
| अन्त:शुल्क | ४७२१५४२३ | ५६६००२७६ | ६०४७५६९९ | १०६.८५ | २८.०८ |
| शिक्षा सेवा शुल्क | ७३९७२५ | ९९१५३५ | ९१३०३३ | ९२.०८ | २३.४३ |
| स्वास्थ्य सेवा शुल्क | ८६३३६६ | १२७०४०३ | ११४८५५९ | ९०.४१ | ३३.०३ |
| जम्मा | २५८१७४९८५ | २९९९१३७४५ | २९८६५२३२५ | ९९.५८ | १५.६८ |

आयकरतर्फ घरबहालकर लक्ष्य अनुसार असुली हुन नसकेकोले समग्र आयकर संकलन लक्ष्यको तुलनामा न्यून हुन गएको हो । नेपालको संविधान अनुसार घरबहाल कर स्थानीय निकायले संकलन गर्ने व्यवस्था भए बमोजिम नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७४।१२।१२ को निर्णयानुसार बैशाख देखि नै घरबहाल कर स्थानीय निकायले संकलन गरेको हुँदा न्युन संकलन भएको देखिन्छ । राजस्व संकलन गर्ने ठूला करदाता कार्यालय, २२ वटा आन्तरिक राजस्व कार्यालय र १३ वटा करदाता सेवा कार्यालय (उपत्यका भित्र) मध्ये २६ वटा कार्यालयले लक्ष्य भन्दा बढी संकलन गरेका छन् । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको हिस्सा क्रमश: ४९.८३%, ४०.४५% र ९.७२% रहेको छ ।

# आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूको पुन:संरचना

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण भई नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयानुसार नयाँ संगठन संरचना र दरवन्दी स्वीकृत भएको छ । साविकका आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं. १, आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं. २ र आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं. ३ खारेज भएका छन् भने मध्यम स्तरका करदाताहरुलाई प्रशासन गर्न एउटा मध्यमस्तरीय करदाता कार्यालय गठन गरिएको छ । यस्तै काठमाडौ बाहिरका ५ र काठमाडौका १३ वटा करदाता सेवा कार्यालयहरु आन्तरिक राजस्व कार्यालयमा रुपान्तरण हुनका साथै ललितपुरमा एउटा आन्तरिक राजस्व कार्यालय र विभिन्न ठाउँमा ११ वटा नयाँ करदाता सेवा कार्यालय थप गरिएको छ । नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण अन्तर्गत विभाग मातहतमा एउटा ठूला करदाता कार्यालय, एउटा मध्यमस्तरीय करदाता कार्यालय, ३८ वटा आन्तरिक राजस्व कार्यालय र १९ वटा करदाता सेवा कार्यालय गरी कुल ५९ वटा कार्यालय रहनेछन् ।

### साविक १९ वटा आन्तरिक राजस्व कार्यालयहरु

| क्र.स. | कार्यालयको नाम |
|---|---|
| १ | आन्तरिक राजस्व कार्यालय भद्रपुर |
| २ | आन्तरिक राजस्व कार्यालय विराटनगर |
| ३ | आन्तरिक राजस्व कार्यालय धरान |
| ४ | आन्तरिक राजस्व कार्यालय जनकपुर |
| ५ | आन्तरिक राजस्व कार्यालय लाहान |
| ६ | आन्तरिक राजस्व कार्यालय सिमरा |
| ७ | आन्तरिक राजस्व कार्यालय विरगन्ज |
| ८ | आन्तरिक राजस्व कार्यालय हेटौडा |
| ९ | आन्तरिक राजस्व कार्यालय भरतपुर |
| १० | आन्तरिक राजस्व कार्यालय धनगढी |
| ११ | आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर |
| १२ | आन्तरिक राजस्व कार्यालय पोखरा |
| १३ | आन्तरिक राजस्व कार्यालय ललितपुर-१ |
| १४ | आन्तरिक राजस्व कार्यालय भैरहवा |
| १५ | आन्तरिक राजस्व कार्यालय नेपालगंज |
| १६ | आन्तरिक राजस्व कार्यालय भक्तपुर |
| १७ | आन्तरिक राजस्व कार्यालय कृष्णनगर |
| १८ | आन्तरिक राजस्व कार्यालय बुटवल |
| १९ | आन्तरिक राजस्व कार्यालय दाङ |

### देहाय अनुसारको उपत्यका बाहिरका करदाता सेवा कार्यालयहरु स्तरोन्नति भई आन्तरिक राजस्व कार्यालय भएका छन्:

| क्र.स. | कार्यालयको नाम |
|---|---|
| १ | आन्तरिक राजस्व कार्यालय दमक |
| २ | आन्तरिक राजस्व कार्यालय दमौली |
| ३ | आन्तरिक राजस्व कार्यालय बाग्लुङ |
| ४ | आन्तरिक राजस्व कार्यालय सुर्खेत |
| ५ | आन्तरिक राजस्व कार्यालय धुलिखेल |

### उपत्यका भित्रका १३ वटा साविकका करदाता सेवा कार्यालयहरु स्तरोन्नति भई आन्तरिक राजस्व कार्यालय भएका छन्:

| क्र.स. | कार्यालयको नाम |
|---|---|
| १ | आन्तरिक राजस्व कार्यालय टंगाल |
| २ | आन्तरिक राजस्व कार्यालय महाराजगंज |
| ३ | आन्तरिक राजस्व कार्यालय बालाजु |
| ४ | आन्तरिक राजस्व कार्यालय कलंकी |
| ५ | आन्तरिक राजस्व कार्यालय कालीमाटी |
| ६ | आन्तरिक राजस्व कार्यालय पुतलीसडक |
| ७ | आन्तरिक राजस्व कार्यालय बानेश्वर |
| ८ | आन्तरिक राजस्व कार्यालय बत्तिसपुतली |
| ९ | आन्तरिक राजस्व कार्यालय चावहिल |
| १० | आन्तरिक राजस्व कार्यालय कोटेश्वर |
| ११ | आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर |
| १२ | आन्तरिक राजस्व कार्यालय न्युरोड |
| १३ | आन्तरिक राजस्व कार्यालय ठमेल |

### ललितपुर जिल्लामा थप एक नयाँ आन्तरिक राजस्व कार्यालय स्थापना भएको छ :

| क्र.स. | कार्यालयको नाम |
|---|---|
| १ | आन्तरिक राजस्व कार्यालय ललितपुर -२ |

### करदाता सेवा कार्यालयहरु - १९

**देहाय अनुसारका करदाता सेवा कार्यालयहरु करदाता सेवा कार्यालय नै रहेका छन्:**

| क्र.स. | कार्यालयको नाम |
|---|---|
| १ | करदाता सेवा कार्यालय इलाम |
| २ | करदाता सेवा कार्यालय इटहरी |
| ३ | करदाता सेवा कार्यालय धनकुटा |
| ४ | करदाता सेवा कार्यालय बर्दिबास |
| ५ | करदाता सेवा कार्यालय गाइघाट |
| ६ | करदाता सेवा कार्यालय गौर |
| ७ | करदाता सेवा कार्यालय जुम्ला |
| ८ | करदाता सेवा कार्यालय पाल्पा |

### नयाँ स्थापना हुने करदाता सेवा कार्यालयहरु :

| क्र.स. | कार्यालयको नाम |
|---|---|
| १ | करदाता सेवा कार्यालय, फिदिम |
| २ | करदाता सेवा कार्यालय बिराटचोक |
| ३ | करदाता सेवा कार्यालय खाँदबारी |
| ४ | करदाता सेवा कार्यालय राजविराज |
| ५ | करदाता सेवा कार्यालय लुक्ला |
| ६ | करदाता सेवा कार्यालय दिक्तेल |
| ७ | करदाता सेवा कार्यालय मलङ्गवा |
| ८ | करदाता सेवा कार्यालय गल्छी |
| ९ | करदाता सेवा कार्यालय कावासोती |
| १० | करदाता सेवा कार्यालय लम्की |
| ११ | करदाता सेवा कार्यालय डडेलधुरा |

# महानिर्देशकद्वारा काठमाडौंस्थित करदाता सेवा कार्यालयहरूको अनुगमन




(अनुगमन पश्चात निर्देशन दिनुहुँदै महानिर्देशक विष्णुप्रसाद नेपाल)

आन्तरिक राजस्व विभागका महानिर्देशक नेतृत्वको टोलीले २०७५ असार महिनामा काठमाडौंस्थित १३ (तेह्र) वटा करदाता सेवा कार्यालयहरूको अनुगमन सम्पन्न गरेको छ । अनुगमनको क्रममा आ.व. २०७३/०७४ र २०७४/०७५ को जेठ महिनासम्मको कार्यालयहरूको राजस्व असुली र कार्यसम्पादन सूचकहरूको परिमाणात्मक र गुणात्मक प्रगतिको अनुगमन गरियो । महानिर्देशक विष्णुप्रसाद नेपाल, उपमहानिर्देशक यज्ञ प्रसाद ढुंगेल, निर्देशकहरू महाराज कोइराला, खिम बहादुर कार्की, केदारनाथ शर्मा, विमल सापकोटा र ऋषिराम पोखरेल तथा शाखा अधिकृत प्रेम बहादुर सुनार अनुगमन कार्यमा संलग्न रहनुभएको थियो । अनुगमन टोलीले असार ५ गते क.से.का. कोटेश्वर र बानेश्वर, असार ६ गते क.से.का. बत्तिसपुतली र पुतलीसडक, असार ७ गते क.से.का. कलंकी, असार ८ गते क.से.का. कालीमाटी, असार ११ गते क.से.का. ठमेल, असार १३ गते क.से.का. टंगाल र महाराजगञ्ज, असार १४ गते क.से.का. त्रिपुरेश्वर र नयां सडक तथा असार १५ गते क.से.का. बालाजु र चाबहिलको अनुगमन गरेको हो ।

अनुगमनपछि कार्यालय प्रमुख तथा कर्मचारीहरूलाई महानिर्देशक विष्णुप्रसाद नेपाल र उपमहानिर्देशक श्री यज्ञ प्रसाद ढुंगेलले निर्देशन दिनुभयो । निर्देशनका क्रममा महानिर्देशक नेपालले आफ्नो कार्यालयको कार्यक्षेत्रको आर्थिक गतिविधि आंकलन गरी कराधार विस्तार र कर सहभागिता अभिवृद्धि हुने गरी कार्य गर्न निर्देशन दिनुभयो । राजस्व असुलीलाई मुख्य प्राथमिकतामा राखी काम गर्न आग्रह गर्दै उहांले आ.व. २०७५/०७६ को आर्थिक विधेयकले गरेका व्यवस्थाहरू सबै करदाताहरूलाई बुझाउने गरी व्यापक रूपमा प्रचार प्रसार र करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिनुभयो । कर अधिकृतहरूलाई अझ बढी जिम्मेवार र समर्पण भावले काम गर्न निर्देशन दिंदै महानिर्देशक नेपालले कर सहभागितास्तर बढाएको आधारमा कार्यालयको मूल्यांकन गरिने समेत उल्लेख गर्नुभयो । कर्मचारीहरूले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने र सामाजिक सञ्जाल लगायतको प्रयोग गर्दा सामाजिक मर्यादा र संगठनको छवीमा प्रतिकूल असर पर्नसक्ने कुरामा हेक्का राख्न समेत जोड दिनु भयो ।

यस्तै कार्यालयहरूलाई निर्देशन दिंदै उपमहानिर्देशक यज्ञ प्रसाद ढुंगेलले कार्यगत सूचकहरूको प्रगति सन्तोषजनक नभएकोतर्फ कार्यालय प्रमुख तथा कर्मचारीहरूको ध्यानाकर्षण गराउनुभयो । कामको गुणस्तरमा ह्रास हुंदै गएकोतर्फ संकेत गर्दै उहांले हरेक कार्यगत सूचकहरू राजस्व संकलनसंग Tie Up भएको कुरा नबिर्सन र बजारमा बिलिङ्ग प्रणालीमा सुधार तथा अनुसन्धानका लागि सूचना संकलन गर्ने गरी सघन रूपमा बजार अनुगमन गर्न निर्देशन दिनुभयो ।

अनुगमनमा संलग्न निर्देशकहरू तथा शाखा अधिकृतले शाखागत कार्यसम्पादनमा देखिएका कैफियतहरूबारे टिप्पणी गर्नुभएको थियो । यससंगै यस आ.व.मा विभाग मातहतका सबै कार्यालयहरूको अनुगमन सम्पन्न भएको छ ।

# कानूनी कार्यविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व विभागद्वारा संचालित “कानूनी कार्यविधि सम्वन्धी प्रशिक्षण कार्यक्रम” मिति २०७५ असार ६ र ७ गते काठमाडौंमा सम्पन्न भएको छ । उक्त प्रशिक्षण कार्यक्रममा काठमाडौ उपत्यका भित्रका आन्तरिक राजस्व विभाग अन्तर्गतका सबै कार्यालयका कार्यालय प्रमुखहरु र सरकारी वकिलहरु सहित २८ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा राजस्व न्यायाधिकरणका अध्यक्ष तथा मा.न्यायाधीश तिल प्रसाद श्रेष्ठ, वेपत्ता छानविन आयोगका सचिव कृष्णजीवी घिमिरे, अर्थ मन्त्रालयका सहसचिव उदयराज सापकोटा, विशेष सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता मुरारी प्रसाद पौडेल समेतले प्रशिक्षण दिनुभएको थियो । सो अवसरमा आन्तरिक राजस्व कार्यालयले पैरवी गर्नुपर्ने विषयलाई प्रशिक्षणको माध्यमबाट थप स्पष्ट पार्ने प्रयास भएको थियो । उक्त प्रशिक्षण कार्यक्रम आठ वटा विषय समावेश गरी २ (दुई) दिनसम्म सञ्चालन भएको थियो । सो कार्यक्रममा राजस्वसंग सम्वन्धित कानून, सो संग सम्वन्धित उजुरी तथा मुद्दा प्रकृया, प्रतिरक्षाका विषयहरु र निर्णय प्रकृया सम्वन्धमा छलफल भएको थियो । कार्यक्रममा सहभागीहरुले कानूनी र व्यवहारिक जटिलतालाई कानूनी रितबाट कसरी चुस्त दुरुस्त बनाउने भन्ने सम्वन्धमा



(कानूनी कार्यविधि सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागीहरु)




(कार्यक्रममा निर्देशन दिनुहुँदै महानिर्देशक विष्णुप्रसाद नेपाल)

सो कार्यक्रम प्रभावकारी रहेको मन्तव्य दिनुका साथै यस्ता कानूनी कार्यविधि तथा रित पुऱ्याउनुपर्ने कुराको जानकारी समय समयमा सवैलाई दिईनुपर्ने मत कार्यक्रममा सहभागिता जनाउनुभएका कार्यालय प्रमुख लगायत अन्य कर्मचारीहरुबाट व्यक्त भएको थियो ।

कार्यक्रमको समापनमा महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता बद्री प्रसाद गौतम, राजस्व न्यायाधिकरणका अध्यक्ष एवम् माननीय न्यायाधिश  तिल प्रसाद श्रेष्ठ र आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कार्यक्रमबाट थप ज्ञान हासिल भई कार्यक्षेत्रमा थप उर्जा मिल्ने र कानून बमोजिम परिणाममुखी काम हुने कुरामा विश्वस्त रहेको मन्तव्य दिनुभयो ।

# Tax Management Team (TMT) को बैठक शुरु

यही मिति २०७५/०३/३२ गते देखि प्रत्येक सोमबार आन्तरिक राजस्व विभागका महानिर्देशकको संयोजकत्वमा आन्तरिक राजस्व विभागमा कार्यरत उपमहानिर्देशक, निर्देशक तथा विभाग अन्तर्गतका प्रमुख कर प्रशासकहरु सम्मिलित कर व्यवस्थापन समूह (Tax Management Team) को बैठक बस्न शुरु गरेको छ। आन्तरिक राजस्व प्रशासन गर्दा आएका समकालीन विषय तथा पक्षहरुमा गहन छलफल गरी उच्च व्यवस्थापनलाई सुझाव दिन, तत्कालीन समयमा भएका समस्याहरुको छलफल तथा विश्लेषण गर्दै समस्या समाधान गर्न तथा आन्तरिक राजस्व विभागको समग्र कार्यसम्पादन अभिवृद्धि गर्नका लागि Tax Management Team (TMT) को बैठक बस्न शुरु गरेको हो। असार ३२ गते बसेको पहिलो बैठकमा आन्तरिक राजस्व विभागले गत आर्थिक वर्षमा गरेको कार्यप्रगति, सरकारले बजेटमार्फत ल्याएका नीति तथा कार्यक्रम र आ.व. २०७५/०७६ का लागि तोकिएको बजेट तथा कार्यक्रमका आधारमा आर्थिक वर्ष २०७५/०७६ का लागि तयार भएको बार्षिक कार्ययोजना (Business Plan) सम्बन्धमा छलफल गरी उक्त कार्ययोजनालाई पूर्णता दिइयो। उक्त बार्षिक कार्ययोजनामा आन्तरिक राजस्व विभागका विभिन्न महाशाखा तथा शाखाहरुको समग्र बार्षिक लक्ष्य र समयसारिणी तोकिनुका साथै सो हासिल गर्न विस्तृत कार्ययोजना तयार गरिएको थियो। विभागका निर्देशक श्री महाराज कोइरालाले आगामी दिनहरुमा प्रत्येक सोमबार TMT को बैठक बस्ने जानकारी दिनुभयो।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

लजिम्पाट, काठमाडौंको

## कम्प्युटरको माध्यमबाट विजक जारी गर्न अनुमति लिएका व्यक्तिहरूले पुनः अनुमति लिनुपर्ने सूचना

**विद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ को परिच्छेद ३ को दफा ४ को खण्ड (ज) मा कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ बमोजिम कम्प्युटरको माध्यमबाट विजक जारी गर्न अनुमति लिई सकेका व्यक्तिहरुले समेत विभागले सूचना जारी गरी तोकेको मिति भित्र विद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ बमोजिमका मापदण्डहरु पूरा गरी पुनः अनुमति लिनु पर्ने व्यवस्था रहेकोले त्यस्ता व्यक्तिहरुले २०७५ भाद्र मसान्तभित्र विद्युतीय बिजक सम्बन्धी कार्यविधि २०७४ ले तोकेको मापदण्ड पुरा गरी आफु दर्ता रहेको करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय र ठूला करदाता कार्यालयबाट पुनः बिद्युतीय माध्यमबाट बिजक जारी गर्ने अनुमति लिनुहुन यो सूचना प्रकाशित गरिएको छ।**

# आर्थिक वर्ष २०७५/०७६ श्रावण १ गतेबाट लागू हुने गरी राजस्व संकेतमा परिवर्तन

विगतमा प्रयोगमा रहेका केही राजस्व शीर्षकमा आर्थिक वर्ष २०७५।७६ को श्रावण १ गतेबाट लागू हुने गरी परिवर्तन गरिएको छ । आन्तरिक राजस्व विभागसँग सम्बन्धित देहायका राजस्व संकेतहरु आ.व. २०७५।७६ श्रावण १ गते देखि कार्यान्वयनमा आएका छन् ।

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ । | ११११ | ११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ । | ११११२ | ११११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ । | ११११३ | ११११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ । | १११२१ | १११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । | १११२२ | १११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । | १११२३ | १११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरु (साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघरसंस्था, विदेशी कम्पनी एवं अन्य निकाय) को आयमा लाग्ने कर यसमा पर्दछ । | १११२४ | १११२४ |

| | | | |
|---|---|---|---|
| पुँजीगत लाभकर-निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका नि:सर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ । | ११११२५ | ११११२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन कराकारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ । | ११११३१ | ११११३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । | ११११३२ | ११११३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । | ११११३३ | ११११३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । | ११११३४ | ११११३४ |
| आकस्मिक लाभकर | जुवा, चिट्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । | ११११३५ | ११११३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ । | ११११३६ | ११११३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रूपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ । | ११२११ | ११२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ । | ११४४२ | ११४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ । | ११४४२ | ११४४२ |
| शिक्षा सेवा शुल्क: शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क: वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ । | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | ११४११ | ३३१११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ । | ११४१२ | ३३११२ |

| | | | |
|---|---|---|---|
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु पर्ने रकम यसमा पर्दछ। | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (ऱ्याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रि संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलनरदाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्तःशुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थः संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२१ | ३३१३१ |
| मदिराः संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेतमा लाग्ने) अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२४ | ३३१३४ |
| | | | |

# परिपत्र

१. सामयिक कर असुल ऐन, २०१२ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७५।०२।१५ मा जारी भएको सूचित आदेशले आयकर ऐन, २०५८ को दफा (९५क) को उपदफा (२) को खण्ड (क) मा भएको संशोधन अनुसार "प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :

(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको सात दशमलव पाँच प्रतिशत, "बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले" भन्ने व्यवस्था भएकोले मिति २०७५।०४।०१ देखिको कारोबारमा सो अनुसार अग्रिम कर कट्टी गर्ने गराउने व्यवस्था कार्यान्वयन हुन अनुरोध छ ।

२. सामयिक कर असुल ऐन, २०१२ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७५।०२।१५ मा जारी भएको आदेशको दफा ३० ले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (द) को उपखण्ड (४) मा संशोधन गरी कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन वाहेकका जग्गा, घरजग्गा तथा अन्य निकायमा रहेको हित वा सुरक्षणलाई गैर व्यवसायिक करयोग्य सम्पत्तिको रुपमा परिभाषित गरेकोले मिति २०७५।०४।०१ बाट प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँ वा दश लाख रुपैयाँ भन्दा बढीको जग्गा वा निजी भवन निःसर्ग हुँदा हुने पूँजीगत लाभमा आयकर ऐन, २०५८ को दफा ९५(क) को उपदफा ( ५) बमोजिम अग्रिम कर असुल गर्नु पर्ने व्यहोराको जानकारीको लागि अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लजिम्पाट, काठमाडौंको

## मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# २३ औं सघन करदाता शिक्षा कार्यक्रम सम्पन्न

करदाताको स्वेच्छिक कर सहभागिताको लागि आवश्यक पर्ने नीति, विधि र प्रक्रियाको बारेमा आवश्यक पर्ने जानकारी करदाता दर्ताकै समयमा दिनसके करदाताहरू थप उत्प्रेरित भई स्वेच्छिक कर सहभागिता बढ्ने नीति अनुसार आन्तरिक राजस्व कार्यालय ललितपुरबाट २०७४ मंसिर महिना देखि नयाँ दर्ता भएका करदाताहरूलाई लक्षित गरी प्रत्येक महिनाको १०, २० र ३० गते दिनको ४ बजे देखि ६ बजेसम्म र कुनै कारणवस उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट सोही समयमा "सघन करदाता शिक्षा कार्यक्रम" आयोजना गरिँदै आएको छ । यसै क्रममा आर्थिक वर्ष २०७४/७५ को अन्तिम कार्यक्रमको रूपमा २०७५ आषाढ ३० गते २३ औं करदाता शिक्षा कार्यक्रम सम्पन्न भयो । यस अभियान अन्तरगत कार्यालयबाट आषाढ महिना सम्म करिव १०५० नयाँ दर्ता भएका करदातालाई प्रशिक्षण प्रदान गराईयो ।

वर्षको अन्तिम कार्यक्रममा कर अधिकृत अनुपा सिग्देलबाट करदाताले दर्ता भएपछि आयकर, मू.अ.कर र अन्त:शुल्क ऐन नियम बमोजिम बुझाउनु पर्ने विवरण, विद्युतीय माध्यमबाट विवरण पेश गर्ने विधि, तिर्नुपर्ने करको समयतालिका र कारोवार गर्न छाडेमा बन्द गर्दा पुऱ्याउनु पर्ने प्रक्रियाको विषयमा जानकारी गराउनु भयो । उक्त कार्यक्रमको समापनमा प्रमुख कर अधिकृत श्री लाल बहादुर खत्रीले आर्थिक ऐन २०७५ ले विद्यमान कर कानूनमा गरेका मुख्य मुख्य परिवर्तनहरू र ल्याएका विशेष छुट सुविधाको विषयमा सहभागीहरूलाई



(सघन करदाता शिक्षा कार्यक्रममा सहभागीहरु)

जानकारी दिनु भयो । साथै उहाँले करदाताहरू पहिलो कर अधिकृत भएको हुँदा स्वेच्छिक कर सहभागिताको लागि आवश्यक पर्ने कानूनी प्रक्रियाको विषयमा सर्वप्रथम करदाता स्वयं जानकार हुनुपर्ने हुन्छ । यस किसिमको कार्यक्रमबाट करदाताको कर सहभागिता लागत मात्र न्यूनीकरण नभई कर प्रशासनको कर संकलन लागत पनि न्यून भई करदाता र कर प्रशासन बिचमा करकानूनको बुझाईमा एकरूपता आई कर प्रशासनलाई आदर्श कर प्रशासन उन्मुख बनाउन सकिने अपेक्षा रहेको जानकारी गराउनु भयो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको
सूचना

आर्थिक बिधेयक, २०७५ बाट मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा संशोधन गरी ईटा उत्पादन, मदिरा डिष्ट्रिब्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने ब्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका क्षेत्र भित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज थेरापी, ब्यूटीपार्लर, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने ब्यक्तिलाई अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता गराउने ब्यवस्था लागू गरेकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ । प्रकाशित सूचना बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

"हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।"

# आर्थिक ऐन, २०७५ सम्बन्धमा पाँचथरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय भद्रपुरको करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम अभियान अन्तर्गत मिति २०७५/०३/११ गते आन्तरिक राजस्व कार्यालय भद्रपुरको कार्यक्षेत्र अन्तर्गत पाँचथर जिल्लाका करदाताहरुमाझ उद्योग बाणिज्य संघ पाँचथरको सहकार्यमा करदाता शिक्षा र आर्थिक ऐन, २०७५ ले प्रस्ताव गरेका करका नयाँ प्रावधान छुट सुविधा र साविक करका दरहरुमा भएको संशोधन सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उद्योग वाणिज्य संघ पाँचथरका अध्यक्ष दीपक नेपालले सभापतित्व गर्नुभएको उक्त कार्यक्रमको प्रमुख अतिथ्यता फिदिम नगरपालिकाका प्रमुख ओनोहाङ्गले गर्नुभएको थियो भने विशिष्ट अतिथीमा प्रमुख जिल्ला अधिकारी प्रकाश चन्द अधिकारी र आन्तरिक राजस्व कार्यलयका प्रमुख कर अधिकृत बोलराज आचार्य रहनुभएको थियो। अन्तरक्रिया कार्यक्रममा उद्योग बाणिज्य संघ पाँचथरका नवनियुक्त अध्यक्ष दिपक नेपाल, पूर्व अध्यक्ष सुबराज थापा सहितको टोलीबाट स्वागत मन्तव्य सहित सहकार्य तथा समन्वय रहेको थियो। यस्तै फिदिम नगरपालिका उप प्रमुख उर्मीला प्रधान(श्रेष्ठ), कोष तथा लेखा नियन्त्रक पाँचथरका प्रमुख बासुदेब खनाल, बरिष्ठ उद्योग अधिकृत इश्वरी प्रसाद अधिकारी, फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गुरुदत्त सुवेदी तथा सुरक्षा निकायका प्रमुखहरुले समेत आतिथ्यता गर्नुभएको थियो। सो अवसरमा बर्तमान अध्यक्ष दीपक नेपालले यस किसिमको कार्यक्रम स्वागतयोग्य रहेको र यस्तो व्यस्तताका बीच पाँचथरलाई प्रथामिकतामा राखी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिदिनु भएकोमा आभार र धन्यबाद प्रकट गर्नु भएको थियो।






(करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरु)

संचालक तथा करदाता समेत करीब ३०० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत बोलराज आचार्य, कर अधिकृतद्वय छबिलाल भट्टराई र सरोज कुमार सिंहले करदातामाझ आर्थिक विधेयक, २०७५ ले गरेका कर सम्बन्धी नयाँ व्यवस्था तथा संशोधनका बारेमा विस्तृत रुपमा जानकारी गराउनुका साथै व्यवसाय दर्ता देखि खारेजी सम्मका सम्पूर्ण प्रकृयाका सम्बन्धमा जानकारी गराउनु भएको थियो। यसैगरी विद्यमान आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ मा भएका विशेष व्यवस्था, करदाताले परिपालना गर्नुपर्ने सामान्य विषयहरु, करदाताका सामान्य तथा विशेष किसिमका जिम्मेवारी तथा उत्तरदायित्वहरु के के हुन र ती विषयहरुलाई पालना नगर्दा के कस्तो प्रकारबाट दण्डित हुनुपर्छ भन्ने विषयमा प्रमुख कर अधिकृत बोलराज आचार्यले स्पस्ट पार्नु भएको थियो। आन्तरिक राजस्व कार्यालय भद्रपुरको करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमबाट पाँचथरबासी करदाताहरुले आफ्नै घरदैलोमा कर सम्बन्धी शिक्षा पाएको र आफ्ना जिज्ञासाहरुको सम्बोधन भएकोमा खुसी ब्यक्त गरेका थिए।

# ताप्लेजुङमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

"शिक्षित करदाता सक्षम कर प्रशासन" भन्ने अवधारणा बमोजिम आन्तरिक राजस्व कार्यालय भद्रपुरले आ.व. २०७५/७६ को बजेट प्रस्तुत भएको हप्ता दिन भित्रमै मेची अञ्चलको उत्तरी जिल्ला ताप्लेजुङबाट आर्थिक विधेयक, २०७५ ले गरेका संशोधन र करदाता शिक्षा सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सुरु गरेको छ। यस प्रकारको कार्यक्रम क्रमशः सबै क्षेत्रमा संचालन गर्ने योजना अनुसार मिति २०७५/०२/२२ गते उद्योग बाणिज्य संघ ताप्लेजुङको सभाहलमा आर्थिक विधेयक, २०७५ ले गरेका संशोधन तथा करदाता शिक्षा सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। ताप्लेजुङ उद्योग बाणिज्य संघको सहकार्य र आन्तरिक राजस्व कार्यालय भद्रपुरको आयोजनामा कार्यक्रम सम्पन्न भएको उक्त कार्यक्रमा उद्योग बाणिज्य संघ ताप्लेजुङका कार्यबाहक अध्यक्ष दिनेश अधिकारी सहितको टोलीको सौहार्दपुर्ण सहकार्य र समन्वय रहेको थियो।

सो अवसरमा उद्योग बाणिज्य संघका कार्यबाहक अध्यक्ष दिनेश अधिकारीले यस किसिमको कार्यक्रम स्वागतयोग्य रहेको र यस्तो व्यस्तताका बीच ताप्लेजुङलाई प्राथमितकतामा राखी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम गरेकोमा खुशी ब्यक्त गर्दै आभार र धन्यबाद प्रकट गर्नु भएको थियो। संचालक तथा करदाता समेत १२७ जनाको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय भद्रपुरका कर अधिकृत पेशल न्यौपाने र कर अधिकृत प्रकाश सुवेदीले संयुक्त रुपमा करदाताहरु माझ आर्थिक विधेयक २०७५ ले गरेका नयाँ व्यवस्था तथा संशोधनका बारेमा Power Point Presentation मार्फत विस्तृत रुपमा जानकारी गराउदै स्थायी लेखा न., B-PAN, मु.अ.कर, अन्तःशुल्क सम्बन्धी बिषयलाई प्रस्ट पार्नुभयो। यसैगरी करदाताहरुले विशेष उत्सुकता र कौतुहलता पूर्ण तवरले राखेका चासो र जिज्ञासाको कर अधिकृतद्वयबाट सम्बोधन भएको थियो।



(करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरु)




नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## आफैले E-TDS को User ID तथा Password सृजना गर्ने र Password Reset गर्ने तरिका सम्बन्धी सूचना

**आन्तरिक राजस्व विभागको मा Website, www.ird.gov.np जाने**
**Taxpayer Portal मा Click गर्ने । Taxpayer Portal मा भएको E-TDS Click गर्ने ।**


### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Password : 123456789
Confirm Password : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com (It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं) 123456789
प्रयोग कर्ताको नाम 123456789
पासवर्ड ******

### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com
(It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं): 123456789
प्रयोग कर्ताको नाम: 123456789
पासवर्ड: ******


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
बलराम रिज्याल
डा. नारायण प्रसाद रेग्मी
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
कमल कुमार भट्टराई
थम नारायण शर्मा
खेम नारायण रेग्मी
सुशील लम्साल
शिवहरि न्यौपाने



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।